# प्रेस विज्ञप्ति- २०९

**Press Release- 209**

लागुऔषधनियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७४।११।२२ गते।

## ग्रिन टी भनि बिदेश पठाउन खोजिएको गाँजा र नियन्त्रित लागु औषध सहित २ जना व्यक्तिहरू पक्राउ

१) मिति २०७४/११/२२ गते ११:०० बजेको समयमा लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा जिल्ला तनहुँ , बन्दीपुर गाउंपालिका वडा नं.-६ डाँडाछाप घर भएका बर्ष ३५ को देउ बहादुर गुरुङलाई जि.काठमाण्डौ, का.म.न.पा. वडा नं-२२ सुन्धारा स्थित बैदेशिक हुलाक भन्सार कार्यालयको पार्सल निकासी शाखाबाट अन्य व्यक्तिको परिचय पत्र प्रयोग गरी गोल्डेन रङको प्लाष्टिकको टल्कने प्याकेटमा ग्रिन टी को स्टिकरको कलर फोटोकपी गरि उक्त प्याकेटहरुमा टाँसी गाँजा लुकाउ छिपाउ गरि ग्रिन टी भनि हङकङ पठाउन लागिएको अवस्थामा निज देउ बहादुर गुरुङ उक्त स्थान छोडी भाग्न खोज्दा निजलाई तत्काल् नियन्त्रणमा लिई हङकङ पठाउन लागिएको ७ वटा प्याकेटहरु खोली हेर्दा ***लागु औषध गाँजा जम्मा १,३९० ग्राम*** बरामद गरिएको ।

२) मिति २०७४/११/२२ गते १७:०० बजेको समयमा जिल्ला धादिङ रुबी भ्याली गाउँपालिका वडा नं-३ ठेगाना भएका बर्ष ४४ को डिलमान तामाङलाई जि. काठमाण्डौ का.म.न.पा. वडा नं.-१४ बल्खुबाट लागु औषध बुप्रेनोर्फिन (नुफिन) २०७ एम्पुल, डाईजेपाम १०७ एम्पुल, फेनारगन १०६ एम्पुल गरी ***जम्मा ४२० एम्पुल र नाईट्राभेट २४२ ट्याब्लेट*** सहित पक्राउ गरिएको छ।

साथै निजहरु उपर यस कार्यालयबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com







देउ बहादुर गुरुङ र लुकाउ छिपाउ गरि  ग्रिन टी  भनि हङकङ पठाउन लागिएको गाँजाका प्याकेटहरू ।






डिलमान तामाङ र निजबाट बरामद  लागु औषध बुप्रेनोर्फिन (नुफिन) २०७ एम्पुल, डाईजेल्याब १०७ एम्पुल, फेनारगन १०६ एम्पुल र  नाईट्राभेट २४२  ट्याब्लेट ।